


जलप्रलयपछि नूह अरु ३५० वर्षसम्म बाँचे ।
जलप्रलयपूर्वको वातावरणमा, कम्तीमा दुई कारणहरूले गर्दा लामो आयु सामान्य थियो ।
पहिलो कारण, मानिसहरू पहिलो मानिस र स्त्रीको आनुवंशिक सिद्धताको नजीकै थिए ।
दोस्रो कारण, जलप्रलयपूर्वको वातवरण सम्भवत ग्रीनहाउस जस्तै थियो अर्थात् पानीले पूरै पृथ्वीलाई छत जस्तै ढाकेको कारणले घामबाट आउने हानिकारक किरणहरूलाई यसले छेकेको कारण यसले वनस्पति र जनावरहरूको निम्ति अनुकूल वातवरण उपलब्ध गराएको थियो ।
जलप्रलय पश्चात्को पृथ्वी वातावरण भिन्दै थियो । भौगोलिक स्थितिमा परिवर्तन आइसकेको थियो तर भूमिले खेतीपातीको काम गर्ने अवसर उपलब्ध गराउँदै थियो ।
पृथ्वीमा वृद्धि हुँदै जाऊ भन्ने परमेश्वरको आज्ञालाई नूहका छोराहरूले पालन गरे र तिनीहरूका आफ्ना छोराछोरीहरू भए ।

उत्पत्ति ९:२८


निम्रोद ("विद्रोही") नूहका पनाति थिए र तिनी पृथ्वीमा एउटा शक्तिशाली योद्धा थिए ।
यस समयमा, सम्पूर्ण मानवजातिको एउटै साझा भाषा थियो ।
तर, पृथ्वीभरि फैलिदैँ जाऊ भन्ने परमेश्वरको आज्ञा उल्लङ्घन गरेर तिनीहरू शिनार अर्थात् बेबिलोन भन्ने ठाउँको एउटा उर्वर भूमिमा रोकिए ।
लौ, हामी आफ्नो निम्ति एउटा सहर र स्वर्गसम्म पुग्ने एउटा धरहरा बनाऔँ, अनि आफ्नो निम्ति एउटा नाउँ बनाऔँ र हामी पृथ्वीभरि जताततै नछरिऔँ ।
महान् निम्रोदले हाम्रो नेतृत्व गर्नेछन् ।
सहर निर्माण गर्न हामीसित प्रशस्त सामग्रीहरू छँदैछन् ।
लौ, अब हामी ईँटा बनाएर राम्ररी पोल्न थालौँ ।
हामी यो संरचना बनाउन ढुङ्गाको साटो ईँटा प्रयोग गर्नेछौँ । अनि मसलाको लागि हामी यहाँ भएको अलकत्र प्रयोग गर्नेछौँ ।


हामी माथि शासन गर्नका लागि हामीलाई परमेश्वरको कुनै आवश्यकता छैन, नता हामीलाई मेरा जिजु हजुरबुबा नूहको प्राचीन नीति नियमहरूको नै आवश्यकता पर्नेछ ।
यो ठूलो सहर पृथ्वीको केन्द्र हुनेछ । सबै मानिसहरू यहाँ आराधना गर्न आउनेछन् ।
उनी परमेश्वर हुन् ।
र निम्रोदले हामीमाथि शासन गर्नेछन् ।
उहाँ नै हाम्रो शासक र उच्च पूजाहारी हुनेछन् ।
महान् निम्रोद ।
यसरी आराधनाको यो नयाँ केन्द्रमा निर्माण काम सुरु भयो ।
तिनीहरूले स्वर्गसम्मै पुग्ने एउटा ठूलो धरहरा बनाउन थाले ।
संभवतः यो एउटा विशाल संरचना थियो जहाँबाट तिनीहरूले सृष्टिकर्ताको सट्टामा ताराहरू तथा सृष्टि गरिएका थोकहरूको पूजा गर्न सक्थे ।

उत्पत्ति ११:४


मानिसहरूको सहर र धरहरा हेर्नलाई परमप्रभु तल ओर्लनुभयो ।



उत्पत्ति ११:५


मानिसहरू यसरी एकजुट भएर यस्तो काम गर्न थालेका हुन् भने तिनीहरूका लागि कुनै काम असम्भव हुनेछैन ।
हामी तिनीहरूको भाषा खलबल पारिदेऔँ र तिनीहरूले एक अर्काको भनाई नबुझून् ।
फिएरी दे प्लेस पुर ड्युटेस ए रिगाडर लेस एस्तोइलेस दिउ ।
वाज साग्स् डु इडियट ?
नु पोट सा इन्टेलेग से स्पुनी ?
त्यो अनौठो भाषा नबोल त-मेरो सामुबाट गइहाल !
के भइरहेको छ यहाँ, के ? तिमी मेरो कुरा बुझ्दैनौ ?
जसले नयाँ भाषाहरू बोले, तिनीहरूले मात्रै एक अर्कालाई बुझ्न सके ।
परिणाम स्वरुप, धरहरा बनाउने काम रोकियो र मानिसहरू परमेश्वरले चाहनुभए झैँ पृथ्वीभरि छरपष्ट भए ।

उत्पत्ति ११:६-८